# निजगढ नगरपालिकाका कार्यकारी अधिकृत श्री विमल कुमार पोखरेल ज्यूबाट प्रस्तुत

## आर्थिक वर्ष २०७४।२०७५ को बजेट, निति र कार्यक्रमः

निजगढ नगरको चौथो नगर परिषद एवम नगरको आ.व. २०७४।२०७५ को वजेट, निति तथा कार्यक्रम सार्वजनिकिकरण कार्यक्रमका प्रमुख अतिथि माननिय संघीय मामिला तथा स्थानिय विकास राज्य मन्त्री श्री श्रीप्रसाद जवेगु ज्यू, विशिष्ठ अतिथि पूर्व यूवा तथा खेलकुद मन्त्री माननीय सांसद श्री पुरुषोत्तम पौडेलज्यू, विशिष्ठ अतिथि माननिय सांसद श्री मधु शाही ज्यू, विशिष्ठ अतिथि पुर्व राज्य मन्त्री श्री ज्वाला साह ज्यू, पुर्व सभासद श्री जयराम दाहल ज्यू अन्य विशिष्ठ अतिथिहरु, नगर विकास समितिका अध्यक्ष ज्यू, उद्योग वाणिज्य संघका प्रमुख ज्यू, विभिन्न कार्यालयवाट पाल्नु भएका कार्यालय प्रमुखज्यूहरु, विभिन्न राजनितीकदलबाट पाल्नु भएका प्रमुख वा प्रतिनिधि ज्यूहरु, पूर्व गा.वि.स.का अध्यक्ष, उपाध्यक्ष ज्यू, वडा नागरिक मन्चका प्रतिनिधि ज्यूहरु, पत्रकार मित्रहरु, आमा समूहहरु, बाल क्लब, गैर सरकारी, संघ संस्थाबाट पाल्नु हुने महानुभावहरु, अपाङ्ग संघ, संगठनवाट पाल्नु भएको प्रतिनिधिहरु तथा अन्य अतिथि गणहरुलाई हार्दिक स्वागत गर्दछु । साथै यस निजगढ नगरपालिकाको चौथो नगर परिषद बैठक सम्पन्न गर्न पाउँदा आफुलाई गौरवान्नित सम्झेको छु ।

सर्वप्रथम त यस गरिमामय परिषदबाट यस मुलुकलाई उल्लेखनीय उपलब्धी हासिल गर्न सहयोग गर्ने ज्ञातअज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली ज्ञापन गर्दछु ।

जनप्रतिनिधि विहिनताको अवस्थामा विविध समस्याहरुलाई कहिले एउटा राजनितिज्ञ झै र कहिले कर्मचारीको आचार सहिताहरु पालना गर्दै कार्य गर्न पाउंदा आफ्नो जीवनमा समेत महत्वपुर्ण अवसर पाएको अनुभुत भएको छ । थुप्रै चुनौतीहरु छन साथै चुनौतीसंगै अवसरहरु पनि छन् । समस्याहरु रहेका छन् साथै समाधान पनि साथ साथै छन् । यस संक्रमणकालिन अवस्थामा यस्तो गरिमामय पदमा रही राष्ट्र सेवा गर्न पाउँदा आफुलाई गौरन्वीत सम्झीएको छु ।

हामी सबैलाई थाहा भएको कुरा हो । विगत लामो समय देखि स्थानिय निकायहरु जनप्रतिनिधि विहीन अवस्थामा छन । जनसंलग्तामा विकास योजनाहरु तर्जुमा कार्यन्वयन , अनुगमन र मुल्यांकन गर्ने Best Practice Plat –Form नै स्थानिय तहहरु हुन । विभिन्न जनआन्दोलन र जन संघर्षको परिणाम स्वरुप समावेशी संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपाल वनाउन हामी सफल भएका छौं । संघीयता र राज्य शक्ति वाडफाडको सिद्धान्तले झनै स्थानिय तहलाई सक्षम र जनकेन्दित निकायको रुपमा स्थापित गरेको छ । स्थानिय तहहरु लोकतन्त्रका विद्यालय हुन । तथापी जनप्रतिनिधि सुन्यताको अवस्थाले राज नैतिक प्रयोगशालानै वन्द अवस्था छ । स्थानिय स्वायत्त शासन ऐन तथा नियमावली, स्थानिय श्रोत परिचालन कार्यविधि जस्ता कानुनी व्यवस्थाले जनसंलग्नता र जनसहभागीताको आत्मालाई जीवन्त राख्न सफल भएको छ । Bottom up approach को माध्यमद्धारा १४ चरण पार गर्दै योजना छनौट गर्ने पद्धतिले सबै तह र तप्काका नागरीकको सहभागीता हुने यो विधि यो आफैमा सुन्दर परिकल्पनाको रुपमा रहेको छ ।

आदरणीय प्रमुख अतिथिज्यु तथा नगरवासीहरु,

अव म आ.व. २०७२/२०७३ को वजेटको समिक्षा यहांहरु समक्ष प्रस्तुत गर्न गई रहेको छु । आ.व. २०७२/२०७३ मा राजश्व वाडँफाडँ (घरजग्गा रजिष्ट्रेशन) वाट कुल ३७लाख ८६ हजार र जि.वि.स.वाट रु ८ लाख ८० हजार समेत जम्मा रु ४६ लाख ६६ हजार प्राप्त भएको छ । आ.व २०७२/२०७३ मा कुल आन्तरीक श्रोततर्फ १ करोड १० लाख ४० हजार अनुमान गरिएकोमा ६७ लाख ९३ हजार यथार्थ आम्दानी भएको छ ।

आ.व. २०७२/२०७३ मा कुल चालु अनुदानतर्फ रु १ करोड ८८ लाख ४३ हजार अनुमान गरीएकोमा यथार्थ आम्दानी रु १ करोड ४५ लाख ९५ हजार यथार्थ आम्दानी भएको छ ।

आ.व. २०७२/२०७३ मा पुजीगत तर्फ नगर विकास कोष र जनसहभागीता वाहेक रु ७ करोड ३ लाख २५ हजार वजेट अनुमान गरिएकोमा रु ६ करोड ३३ लाख यथार्थ आय भएको व्यहोरो अवगत गराउन चाहन्छु । नेपाल सरकार वाट प्राप्त चालु तथा पुजीगत वजेट शतप्रतिशत खर्च गरिएको व्यहोरा अवगत गर्न चाहन्छु ।

आदरणिय महानुभावहरु,

मैले तेश्रो परिषदमा पारित भएको कुल वजेट रु १४ करोड ९७ लाख ६८ हजार वजेट पेश गरेकोमा सामाजिक सुरक्षा भत्ता र लागत सहभागीता तथा सौर्य सडक वत्तिमा वजेट थप भई आएकोले आ.व. २०७३।२०७४ मा संसोधन वजेट चालु तथा पुजीगतमा एकमुष्ठ रु २३ करोड १८ लाख ५८ हजारको संसोधन प्रस्ताव गरेको छु । सो को विस्तृत अनुसुचिमा समावेश गरेको छु ।

अव म २०७४।०७५ को बजेट, निति तथा कार्यक्रमहरु सार्वजनिककरण गर्न अनुमति चाहन्छु ।

## आर्थिक वर्ष २०७४।०७५ को बजेट, निति तथा कार्यक्रमहरुः

आ.व. २०७४।०७५ मा वजेट निर्माण गर्दाको आधारहरु

१) नेपालको संविधान २०७२
२) आवधिक चालु चौधौ योजना
३) नेपाल सरकारका निति तथा कार्यक्रमहरु
४) सहश्राव्दीका लक्षहरु
५) दिगो विकासका लक्ष्यहरु
६) स्थानिय निकाय सम्वद्ध कानुनहरु
७) वजेट सिलिगं तथा मार्ग दर्शनहरु

आ.व. २०७४।७५ को कुल अनुमानित बजेट २२ करोड ७२ लाख ९२ हजार मध्ये चालु तर्फ  ८ करोड १२ लाख ९ हजार र पुजीगत तर्फ रु १४ करोड ६० लाख ८२ हजार यस गरिमाय परिषद समक्ष पेश गर्दछु । जसमध्ये पुंजिगत निशर्त अनुदान रु. ४ करोडमा १ करोड  २० लाख समपुरक कोषमा छुट्याई बाकी रु २ करोड ८० लाख मध्ये महिला लक्षित कार्यकमतर्फ १० प्रतिशतले हुने रु.२८ लाख, वालवालिका लक्षित कार्यकम तर्फ १५ प्रतिशतले हुने ४२ लाख र अन्य लक्षित कार्यकम तर्फ १५ प्रतिशतले हुने रु.४२ लाख रकम विनियोजन गरि महिला र वालवालिका लक्षित कार्यकममा विनियोजित रकम महिला तथा वाल विकास विशेष कोषमा जम्मा गरि र अन्य लक्षित कार्यकमतर्फको विनियोजित बजेट गरिवी निवारण तथा समाजिक परिचालन  विशेष कोष तर्फ राखि कार्यकम सञ्चालन गर्ने ब्यवस्था मिलाएको छ्ु ।

आ.व. २०७४।०७५ मा विभिन्नि विशेष कोषमा  निम्न व्ययको अनुमान पेश गरेको छु ।

| सि.नं. | कोषको नाम | वजेट रु. |
|---|---|---|
| १, | मर्मत सम्भार विशेष कोष | १ करोड ५ लाख ५० हजार |
| २, | गरीवि निवारणा तथा सामुदायीक पचिालन विशेष कोष | ५१ लाख |
| ३, | दैवि प्रकोष उद्धार विशेष कोष | २० लाख |
| ४, | महिला तथा वाल विकास विशेष कोष | ७४ लाख |
| ५, | वातावणीय ब्यवस्थापन विशेष कोष | ९ लाख ९० हजार |

आ.व २०७२ ।२०७३ मा वजेट कार्यन्वयनका चुनौतिहरू :

१, आन्तरिक राजश्वको अनुमान भन्दा कम संकलन हुनू
२, राजश्व वांडफांड वापतको रकम उपलब्ध नहुनु जसले गर्दा अनुमानित बजेट अनुसार कार्य सम्पन्न गर्न नसक्नु
३, एकिकृतसम्पती कर लगाउन नितिगत निर्णय गरिएता पनि हाल सम्म कार्यान्वियनमा आउन नसक्नु ।
४, जन अपेक्षा र साधन स्रोत वीच सन्तुलन कायम हुन नसक्नु ।

नगरिपालिकाका प्रमुख उपलव्धहरू :

१, विभिन्न दाताहरूवाट निशुल्क प्राप्त जग्गामा भवन निर्माणको कार्य तिव्र गतीमा भएको।
२, नगरगतीविधि र सेवालाई सुचना प्रविधिसंग जस्तै Mobile App तथा Facebook Relation लाई सेवा प्रवाहसंग आवद्ध गरि उल्लेख्य उपलब्धि हासिल गरिएको ।

३. अत्याधुनिक वालमैत्री पार्क तथा शहिद हिरालाल पार्कमा निजगढ भ्युटावर जस्ता पर्यटकीय पुर्वाधारहरूको निर्माण कार्यको थालनी गरीएको ।

३, अतिरिक्त सेवाको रूपमा Early Service को थालनी गरिएको।

४. नगरपालिकाको सहभागितामा सर्पदर्श सेवा श्री प्राथमिक स्वास्य केन्द्र, निजगढमा सन्चालन गरिएको ।

५, नगर विकास कोषको सहयोगमा महेन्द्र राजमार्गको दक्षिणमा ५० थान सौर्य सडक वत्ति जडान गरीएको ।

६. सामाजिक सुरक्षा भत्तालाई बैक मार्फत भुक्तानी हुने व्यवस्था मिलाएको ।

७. शुन्य फोहर आचार संहिता ( Zero Waste Code) वनाई घरतहमै फोहर ब्यवस्थापन गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ ।

८. नगरपालिकामा रहेका ऐलानी, पर्ति जग्गाहरू सर्भे गरि सव्र्द्धन र प्रवर्द्धन गर्ने कार्यलाई अगाडी वढाइएको ।

९. वाल सार्वजनिक सुनवाई, वालभेला तथा वाल अनुभव आदान प्रदान कार्यक्रमहरू सञ्चालन गरिएको ।

१०. एक शताब्दि पार गरेका जेष्ठ नागरिकहरूलाई विशेष सम्मान कार्यक्रम गरिएको ।

११. २ नं. प्रदेशको पहिलो खुला दिशामुक्त नगरपालिका घोषणा गरिएको ।

१२. नगरयातायात गुरूयोजना तयार भएको र नगरयातायात गुरूयोजनाले सिफारिश गरेको अधिकार क्षेत्र ( Right of Way) कायम गराउन बाटो विस्तारलाई अभियानकै रूपमा सञ्चान गरिएको ।

१३. घर को नंम्बरिंग र वाटोको नामांकरणको लागि मेट्रिक प्रणालीको शूरूवात गरिएको ।

१४. फोहरमैला ब्यवस्थापनको लागि फोहरमैला ब्यवस्थापन केन्द्रको पहिचान गरि सम्भाब्यता अध्ययनको थालनी गरिएको ।

१५. शहिद हिरालाल पार्कको तथा मोहरी पार्कको डि.पि. आर तयार गरिएको।

अव म, आ. व. २०७३।२०७४ को तेश्रो नगर परिषदद्वारा पारित निति तथा कार्यक्रमहरूलाई निरन्तरता दिदै सोमा केही संसोधन गरी आ.व.२०७४।२०७५ को लागी निम्नानुसार निति तथा कार्यक्रम प्रस्ताव गर्दछु ।

**"हाम्रो नगर हाम्रो शान, स्मार्ट सिटी (SMART CITY) निर्माण, हाम्रो अभियान"**

१. **लक्ष्यः** समुन्नत स्वच्छ र सुरक्षित SMART CITY नगरतर्फ उन्मुख हुने ।

२. **उद्देश्यः**

- वातावरण मैत्री हरित नगरको निर्माण गर्नु
- भरपर्दो,दीगो र गुणस्तरीय पुर्वाधार निर्माण गर्नु
- सुचना प्रविधि मैत्री, समावेशी ,समन्यायिक, समुन्नत र सिर्जनशिल शहरको निर्माण गर्नु

३ **प्राथमिकताः**

- आधारभुत गुणस्तरीय भौतिक संरचना
- वातावरण संरक्षण र दीगो विकास
- समावेशी,सभागितामुलक जनकेन्द्रित विकास
- नवप्रवर्तन, छरितो सेवा र भ्रष्टचारमा शून्य सहनशीलता

४ **नितिहरुः**

१. **भवन निर्माण तथा वस्ती विकास :**

**"निजगढ वासीको रहर, स्मार्ट सिटि वनाऔं हाम्रो शहर !"**

- भू-उपयोग योजना तयार गरि कार्यान्वयन गरिने , , भू-उपयोग योजनाले निषेध गरेको क्षेत्रमा भवन निर्माण कार्यमा रोक लगाइने छ। जग्गाको Zoning गरी आवासिय क्षेत्र, कृषि क्षेत्र, औद्योगीक क्षेत्र तथा व्यापारिक क्षेत्रमा विभाजन गरीने छ।

- व्यवस्थीत बसोबाँसको लागि मापदण्ड बनाई कुनै एक स्थानमा Land Pooling कार्यक्रम संचालनमा ल्याइने छ ।
- राष्ट्रिय भवन संहिता, भवन निर्माण , वस्ती विकास तथा शहरि योजना तथा मापदण्डको कडाइका साथ पालना गरिने छ । मापदण्ड विपति कार्य गर्नेलाई कानून वमोजिम दण्ड जरिवाना गरिने छ । पुराना घर तथा विद्यालय भवनहरु जोगाउन Retrofitting योजना संचालनमा ल्याइने छ ।
- नगरयातायात गुरुयोजनाले व्यवस्था गरेको सडकको Right of way को मापदण्ड कार्यन्वयनमा ल्याइने छ । मापदण्ड विपरित प्लटिंग गर्ने माथि कडा निगरानी गरिने छ । जग्गाको खण्डिकरण गर्ने कार्यलाई निरुत्साहित गरिने छ ।
- E-Building Permission कार्यको थालनी गरिने छ ।
- जनसहभतिामा आधारित सडक विस्तार कार्यलाई अभियानकै रुपमा संचालन गरिने छ । यस कार्यमा टोल विकास संस्थालाई परिचालन गरिने छ । मापदण्ड विपरितका सडकहरुमा नगरपालिकाले कुनै लगानी नगर्ने नीति लिइने छ ।
- नगरपालिकामा रहेका घर तथा सडकहरुको Metric प्रणाली शुरुवात गरि जि आइ एस पद्धतीमा आवद्ध गरिने छ ।
- Cost Effective Housing वा Green Home निर्माण गर्न प्रोत्साहित गरिने छ । नगरपालिकाकै जनशक्तिलाई सो सम्बन्धि आवश्यक तालिम प्रदान गरी सो अनुरुपका भवन निर्माण गराउन प्रेरित गरिने छ ।

## २. वातावरण व्यवस्थापनः

**“इतिहास हाम्रो सम्पदा हो, वनाउ पहिचान,**

**हराभरा सुन्दर निजगढ हाम्रो अभियान”**

- वातावरणमैत्री स्थानीय शासन कार्यन्वयनमा ल्याइने छ । घर परिवार तहको, वडा र नगर तहकै वातावरण मैत्री स्थानीय शासनको आधारभुत र विकसित सुचकहरु कार्यन्वयनमा ल्याइने छ ।
- फोहोर मैला व्यवस्थापनमा 4R को शिद्धान्त अपनाइने छ । फोहोरको घर तहमै व्यवस्थापन गर्ने विधिको शुरुवात गरिने छ । कुनै २ वटा वडा छनौट गरि Waste to compost , Compost to agriculture जस्ता कार्यक्रमहरु सञ्चालनमा ल्याइने छ । फोहोरमैला व्यवस्थापनमा उल्लेख्य कार्य गर्ने टोल विकास संस्था छनौट गरी पुरस्कृत गरिने छ ।
- व्यवस्थित Zero Land fill Site को कार्यक्रम संचालनमा ल्याइने छ ।
- घरघरमा वर्षातमा कम्पाउण्ड भित्र परेको पानीलाई ढल वा नालीमा नपठाई कम्पाउण्ड भित्र जमीन मुनी Recharge गर्ने व्यवस्था कार्यान्वयनमा ल्याइने छ तथा Rain Water Harvesting विधिहरु अपनाइने छ । नक्सा पास योजनामै पानीको रिचार्ज गर्ने पद्धती अनूरोप ड्इंग डिजाइन गरिने छ ।
- वन उपभोक्ता समुहहरुलाई वातावरण व्यवस्थापन र फोहोर मैला व्यवस्थापन कार्यक्रममा परिचालन गरिनेछ ।
- वातावरण मन्त्रालयबाट स्वीकृत मापदण्ड अनुरुप प्लाष्टिक प्रयोगमा बन्देज लगाइने छ ।
- नगरपालिकाको मुल सडकमा दायाँबायाँ वृक्षारोपण गरी हरियाली कायम गरिने छ ।
- Post ODF कार्यक्रम सञ्चालनमा ल्याइने छ । वायोग्यास जडान गर्ने पद्धतीलाई प्रोत्साहन गरिने छ ।
- शौचालय नभएका विद्यालयहरुमा नगरपालिकाले अन्य संरचनामा कुनै पनि लगानी गरिने छैन् ।
- नगरपालिकाले तयार गरेको शुन्य फोहोर अचार संहिताको कडाइका साथ पालना गरिने छ ।
- वातावरण मैत्री स्थानीय शासनको प्रारुप २०७० मा उल्लेखित कार्यालयका सुचकहरु कार्यान्वयनमा ल्याइने छ ।
- समुदायमा आधारित तथा सार्वजानिक निजी साझेदारीको प्रारुपमा फोहोरमैला व्यवस्थापन गरिनेछ ।
- बोटानिकल गार्डेन वा सार्वजानिक पार्क व्यवस्था गर्न लगानी केन्द्रीत गरिने छ ।
- खुला चौर तथा ऐलानी पर्ति जग्गामा नगर वगैचा तथा उद्यान पार्क तथा पानी संकलन केन्द्रहरुको स्थापना गरिने छ

- फोहोर मैला व्यवस्थापन ऐन को कार्यान्वयन गरिने छ। ऐन विपरित कार्य गरेमा दण्ड जरिवाना गरिने छ।
- नगद सहभागीतामा आधारित सौर्य सडक वत्ति जडान कार्यलाई निरन्तरता दिईने छ।
- मुहान संरक्षण, पोखरि निर्माण तथा तालतलैयाको संरक्षणमा लगानी केन्द्रित गरिनेछ।

## ३. प्रकोप व्यवस्थापनः

**"विपत्ति आउछ विना सुचना, समयमै वनाउ प्रकोप व्यवस्थापनको योजना"**

- नगरपालिकाको प्रकोप व्यवस्थापन योजना बनाई क्षेत्रगत लगानीलाई प्राथमिकता दिइने छ।
- नगरपालिकामा कम्तीमा ३ वटा क्षेत्रलाई खुला क्षेत्र घोषणा गरिने छ।
- २४ सैं घण्टा चालु हुने दमकलको व्यवस्था गरिने छ।
- सर्पदशं उपचार कार्यक्रमलाई थप व्यवस्थित प्रभावकारी गरिदै लगिने छ।
- हात्ति आतंक नियन्त्रण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।
- वायो इन्जिनियरिङ्गमार्फत नदि, नाला नियन्त्रण गर्नको लागी सम्वन्धित निकायमा पहल गरीनेछ।
- सम्बन्धित निकायसंग पहल गरि तार जाली तथा नदी नियन्त्रणमा आवश्यक पहल गरिने छ।
- वढ्दो सडक दुर्घटना नियन्त्रण गर्न चेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ।

## ४. समुदाय परिचालन तथा सामाजिक सुरक्षाः

**"बृद्ध इतिहास हुन, गरौ योगदानको कदर, सबैको सम्मान गर्न सके सुन्दर हुन्छ शहर"**

- वडा नागरिक मञ्चको क्रियाशिलतामा जोड दिइने छ।
- टोल बिकास संस्था , नागरिक सचेतना केन्द्रको गठन तथा विस्तार गरिने छ।
- सामुदायको सहकार्यमा मुल सडकको वरपर सौर्यउर्जाको माध्यमबाट सडक बत्तीको व्यवस्था गरिने छ।
- सामाजिक सुरक्षा भत्ता बैक मार्फत वितरण गरिने कार्यलाई निरन्तरता दिइने छ।
- City Civil Code बनाई लागु गरिने छ।
- स्थानीय सहकारीहरुसंग सझेदारीमा कार्यक्रमहरु सञ्चालन गरिने छ।
- आ.व. २०७३।७४ मा ८५ वर्ष पुरा भएका र आ.व. २०७४।०७५ मा ८० वर्ष पुरा भएका जेष्ठ नागरिकलाई सम्मान स्वरुप विशेष सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत विशेष सामाजिक सुरक्षा भत्ताको ब्यवस्था गरिने छ।
- आदिवासी जनजातीको संस्कृतिको विकास तथा दलितका सीप ज्ञानको उपायोग गर्दै क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ। अपांगहरुको सामाजिक सम्मान गर्ने किसिमका कार्यक्रमहरु सञ्चालन गरिने छ।

## ५. महिला विकास सम्बन्धि :

- महिलाको सीप र क्षमता विकासमा लगानी केन्द्रित गरिने छ।
- महिला हिंसा, वहुविवाह र वाल विवाह तथा लैंगिंग सवाल लाई सम्बोधन गर्ने कार्यक्रम सञ्चालन गरिने छ।
- लैगिंक तथा वालवालिकाको मुद्याहरु सम्बोधन गर्न नगरपालिकामा एक लैंगक तथा वालवालिका डेस्क स्थापना गरिने छ।

## ५. आर्थिक प्रशासन तथा राजस्व परिचालनः

**"आर्थिक पारदर्शिता, लगानी सुनिश्चितता"**

- राजस्व पद्धितीलाई व्यवस्थीत गरिने छ । करदाताहरुलाई Mobile Tax Payment Service लागु गरिनेछ ।
- यसै आर्थिक वर्षको फल्गुण महिना देखि फास्ट ट्रयाकमा एकिकृत सम्पत्तीकर कार्यान्वयनमा ल्याइनेछ ।
- व्यवसाय करको नक्साकन गरी करदातालाई करको दायरा भित्र ल्याइने छ ।
- करदाता मैत्री वातारणको सिर्जना गरिने छ ।
- आन्तरिक आय वृद्धि गर्ने कार्यहरु संचालन गरिने छ ।
- शून्य पेश्की अभियानलाई निरन्तरता दिईनेछ ।
- प्रोदभावी लेखा पद्धति अपनाइने छ ।
- ठेक्का पद्धतिमा E-biding पद्धति लागु गरिने छ ।
- मसिक आय व्यय सार्वजनिककरण गर्ने कार्यकम तथा भुक्तानीका वीलहरु सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइने छ ।

## ६. वालमैत्री स्थानीय शासनः

**"नगरको पहिचान सहभागीता मुलक निकास, हाम्रो अभिभारा समतामुलक वाल बिकास"**

- बालमैत्री स्थानिय शासनका सुचकहरु कार्यान्वयनमा ल्याइने छ ।
- यसै आर्थिक वर्ष देखि वा आगामि आर्थिक वर्ष भित्र निजगढ नगरपालिकालाई बालमैत्री नगर घोषणा गर्ने तर्फ आवश्यक प्रकृयाको थालनी गरिने छ ।
- वालश्रम उन्मूलनका विशेष कार्यक्रमहरु संचालन गरिने छ ।
- एक वडा एक वालमैत्री पार्क निर्माण गर्ने निति लिइने छ ।
- श्रमिक वाल वालिका, वेवारिसे वालवालिका तथा सडक वालवालिका पहिचान गरि उद्धार कार्यकमको थालनी गरिनेछ।

## ७. सार्वजानिक सम्पत्तीको संरक्षण :

**"हामीले नगरे कस्ले गर्ने, अहिले नगरे कहिले गर्ने "**

- अग्रगामी सोचका साथ सार्वजानिक सम्पतीको संरक्षणमा सतर्कता अपनाइने छ ।
- नगर क्षेत्रमा रहेका सार्वजानिक जमीन तथा सम्पत्तीको लगत राखी संरक्षणको आवश्यक व्यवस्था गरिने छ ।
- यसै आर्थिक वर्ष देखि सडकको मापदण्ड अनुसार सडक व्यवस्थापन गरीने छ ।
- सडकमा रहेका घुम्ती पसलहरुलाई निरुत्साही गरीने छ ।
- बटोको अतिकमण हटाउन विशेष कार्यकमको थालनी गरिने छ ।

## ८. पर्यटन विकासः

**"विमानस्थल,फास्ट ट्रयाक दिने हाम्रो सुन्दर शहर, निजगढ नगर घुम्न रहोस रहरं"**

- ऐतिहासिक महत्वको स्थलहरुको पहिचान र संरक्षण गरी पर्यटन विकासमा जोड दिइने छ ।
- नगरमा View Tower तथा रंगशाला निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- पर्यटन मन्त्रालयको समन्वयमा कम्तीमा एक वस्तीमा Home stay कार्यक्रम संचालन गरिने छ ।
- नगरपालिकाले देश भित्र वा देश वाहिरका नगरपालिकाहरुसँग भगिनी सम्बन्ध कायम गर्न आवश्यक प्रकृया थालनी गर्नेछ ।
- इतिहासविद वा पुरातत्ववीदको सहायतामा ऐतिहासिक व्यक्ति वा घटनासंग जोडिएका ऐतिहासिक स्थल पहिचान गरी शिलालेखमा विवरण राखी सो स्थललाई पर्यटकिय स्थल प्रवर्द्धन गर्ने निति लिइने छ ।
- पर्यटन मेला, ब्यापारिक मेला जस्ता प्रवर्द्धनात्मक कार्यकमको थालनी गरिने छ ।
- स्तरीय होटेल सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- शहिद हिराला पार्क, महोरी पार्क जस्ता पर्यटकिय सम्भावनाका ठाउंहरुमा केन्द्रिय लागनी प्रोत्साहन गरिने छ ।

## ९. पुर्वाधार विकास :

**“शहरी विकास अभियानमा जनसहभागिता, दीगो पुर्वाधार विकास आजको आवश्यकता“**

- दीगो पूर्वाधार विकासमा जोड दिइने छ ।
- नगर क्षेत्रमा संचालन हुने नगर स्तरीय विकास निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री तथा कच्चा पदार्थको बारेमा मापदण्ड बनाई गुणस्तर कार्यान्वयन गरिने छ ।
- नगरको समग्र विकासको लागि समग्र नगर विकास योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- Centre of Excellence बनाउन ISO 1400 प्राप्त गर्न कार्य योजना निर्माण गरी लागु गरिने छ ।
- राष्ट्रिय गौरवका आयोजनाहरु अर्न्तराष्ट्रिय विमानस्थल तथा निजगढ काठमाण्डौं द्रुतमार्ग निर्माण कार्यलाई थप गतिशिल बनाउन केन्द्रीय स्तरमा आवश्यक पहल गरिने छ ।

## १० जन स्वास्थ्यतर्फ :

**“मानवीय बिकासको सुचक, स्वास्थ्य हाम्रो धन,<br>शरीर स्वस्थ्य भएमात्र, स्वस्थ हुन्छ मन”**

- स्थानीय समुदायको सहयोगमा आवश्यकता अनुसार शहरी स्वास्थ्य क्लिनिक, योगध्यान केन्द्रहरु संचालनमा ल्याइनेछ ।
- माछा मासु विक्रीको मापदण्ड बनाई लागु गरिने छ ।
- ब्यवस्थीत पशुवधशाला निर्माणमा लगानी केन्द्रीत गरिने छ ।
- खाद्य विक्री बस्तु वितरणमा अनुगमन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।
- एक वडा एक शहरी स्वास्थ क्लिनिकको ब्यवस्था मिलाइने छ ।
- निजगढ प्राथमिक स्वाथ्य केन्द्रलाई २५ सैयाको अस्पताल बनाउन पहल गरिने छ ।
- रतनपुर र सिगौंल क्षेत्रमा कम्तीमा एक एक स्थानमा प्रसुती सेवा  प्रदान गर्न वर्थिंग सेन्टरको ब्यवस्था गरिने छ ।

## ११ शिक्षा तर्फ :

- शिक्षाको गुणस्तर कायम गर्न सुचक वनाई विद्यालयहरुको मुल्यांकन गरिने छ
- उत्कृष्ट विद्यालयहरुलाई नगरपालिकाबाट थप कार्यकमको लागि बजेट उपलब्ध गराइने छ ।
- प्राथमिक  तहका विद्यालयहरुमा वालमैत्री शिक्षण सिकाइमा लागानी केन्द्रित गरिने छ ।
- वाल किडा सामग्री जडानमा विशेष प्राथमिकता दिइने छ ।
- नगरपालिकाको  लगानीमा पुर्वप्राथमिक विद्यालयहरु साझेदारीमा सञ्चालन गर्न ध्यान दिइने छ ।
- लैंगकि मैत्री, सूचना प्रविधि मैत्री, अपांग मैत्री विद्यालय निर्माण गर्न पहल गरिने छ । क्याम्पस तहमा प्राविधिक शिक्षाको थालनी गर्नआवश्यक पहल गरिने छ ।

## १२ कृर्षि तर्फ :

- कृषिको आधुनीकरण तथा वजारीकरणमा लगानीकेन्द्रत गरिने छ ।
- जमिनको उत्पादकत्व वढाउन अनावश्यक औषधी प्रयोगमा निरुत्सहान गरिने छ ।
- वर्षैभरी सिंचित सेवा पुर्याउन डिप वोरिंग तथा सिचाइ ब्यवस्थापनमा आवश्यक वजेट ब्यवस्थापन गरिने  छ ।
- वेमौसमी तरकारी खेती, कौसी वा करेसा वारी खेती र अर्गानिक खेतीलाई प्रोत्साहन गरिने छ ।
- दुग्ध र दुग्ध जन्य परिकारको उत्पादन र वजारीकरण लाई विशेष ध्यान दिइने , डेरी उद्योग स्थापना गर्न पहल गरिने छ ।

- केराको उत्पादन तथा वीमा व्यवस्थालाई थप सहज वनाउन आवश्यक पहल गरिने छ।
- उन्नत पशुपालनमा आवश्यक ज्ञान प्रदान गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ।
- आपसी ज्ञान आदान प्रदान गर्न कृषि भ्रमण, कृषि मेला जस्ता कार्यक्रम आयोजना गरिने छ।
- कम तौल र बढी मूल्य भएका बस्तुहरु उत्पादन गर्न जोड दिइने छ।

## १३. नगरको पहिचान तर्फः

**"एक शहर एक वस्तु उत्पादन, वनाउ निजगढ नगरको राष्ट्रिय पहिचान "**

- स्थानीय उद्योग तथा व्यापारसँग सम्बन्धित संस्थाहरुसँग संमन्वयन गरी नगरपालिकाको पहिचानको रुपमा एकवस्तु,
- एकनगरको अवधारणा अनुसार एकवस्तु विकास गरी उत्पादन तथा विक्री गर्न कार्यक्रम संचालन गरिने छ।
- शहिद चौकमा शहिद हिरालालको शालिक निर्माण गरिने छ।
- सांस्कृतिक र धार्मिक महत्वको शिवशक्तेश्वर महादेवको सर्मद्धन र प्रर्वद्धन गरीने छ।

## १४. कर्मचारी प्रशासन र भ्रष्टचार नियन्त्रण :

**"भ्रष्टचारमा शुन्य सहनशिलता, शुसासन र क्षमता विकास आजको आवश्यकता"**

- कर्मचारीको क्षमता अभिवृद्धी गर्न सिप विकास कार्यक्रमहरु संचालन गरिने छ।
- कर्मचारीको थप कार्य क्षमता वृद्धि गर्न आवश्यक प्रोत्साहनको व्यवस्था मिलाइने छ।
- Reward and Punishment को निति अवलम्वन गरिने छ।
- कार्यकारी अधिकृत र अन्य कर्मचारी बीच कार्य सम्पादन सम्झौता करार गरी मुल्यांकन गर्ने व्यवस्थालाई निरन्तरता दिइने छ ।
- कर्मचारीको आचारसहिंताको कडाईका साथ कार्यान्वयन गरिने छ।
- भ्रष्टचारमा शून्य सहनशीलता घोषणा गर्ने कार्यक्रम संचालन गरिने छ।

## १५. सूचना प्रविधि सम्बन्धी नितिः

**"हातहातमा मोवाईल, घरघरमा इन्टरनेट, सबैको चाहना, प्रविधिवाट विश्व जोडने नगरको योजना !"**

- 
- कार्यालयमा इन्टरनेटको प्रयोगलाई उच्च प्राथमिकता दिइने छ।
- नगरपालिकाको प्रत्येक गतिविधिहरु Web site मार्फत सार्वजानिक गरिने नितिलाई निरन्तरता दिइने छ ।
- बालबालिकालाई सूचना प्रविधिको ज्ञान दिलाउन E- Library स्थापनामा जोड दिइने छ।
- Web Based Relationship मा जोड दिइने छ।
- Face book Information service मार्फत जनमैत्री सुचना पद्धती लाई निरन्तरता दिइने छ।
- Digital Friendly पत्रकारीता प्रर्द्धदन तथा स्थानिय पत्र कारीतालाई सुचना प्रविधि मैत्री वनाउन लगानी केन्द्रित गरिने छ।
- स्थानिय स्तरमा सहकारीतामा आधारीत F.M. सन्चालनमा आवश्यक पहल गरीने छ।
- केही स्थानहरुमा फ्रि वाइ फाइ जोन स्थापना गरी सवै नगरवासीमा सूचनाको पहूंच स्थापना गरिने छ।
- सूचना मैत्री विद्यालय पहिचान गरी पुरस्कृत गरिने छ।

**१६. बैकल्पिक उर्जा प्रवर्द्धन सम्बन्धि निति :**

**"बकैया खोलाका पानी, निजगढ नगरको लगानी"**

- सम्भाव्य जलविद्युत उत्पादनमा पहल गरिने छ ।
- अन्य निकायको साझेदारीमा Micro Hydro Project मा लगानी गरिने छ ।
- भवन निर्माण अनुमति लिदां घरमा अनिवार्य सौर्य उर्जा जडान हुनुपर्ने मापदण्डलाई कडाईका साथ कार्यन्वयन गरीनेछ ।
- वायोग्यास,व्रिकेटको उत्पादन तथा सिप विकासमा लगानी केन्द्रित गरिने छ ।
- वायु उर्जा प्रवर्द्धन गरिने छ ।
- Mini Solar electricity Project कार्यान्वयनमा सम्बन्धित निकायमा पहल गरिने छ ।

**१७. सडक सञ्जाल सम्बन्धि विशेष निति :**

- निजगढ रिगंरोड,निजगढ वाइपास ,निजगढ रतनुपुर डम्बरपुर हुंदै अमलेशगञ्ज सडक, सिगौल निजढ डम्बरपुर भित्री सडक, फापरवारी सिगौंल निजगढ निगढ धियाल सडक लाई रणनैतिक सडक सञ्जालको रुपमा लिइने छ र सम्बन्धित निकायमा सो सडक निर्माणको लागि आवश्यक पहल गरिने छ ।
- लालखोलाको पुल, निजगढ रिंग रोड तथा निजगढ वाइपास सडक निर्माण तथा डम्वरपुर खोलामा पुल निर्माणको लागि आवश्यक पहल गरिने छ ।

**१८. शहरी सेवा ब्यवस्थापन तर्फ**

- नदि उकास जग्गाहरुको उपायोग सम्बन्धि योजना वनाई वसपार्ककाको ब्यवस्था गरिने छ ।
- शप्तऋषी धर्मशालाको उचित ब्यवस्थापन गरिने छ । यस धर्मशालालाई मानब सेवा केन्द्रको रुपमा रुपान्तरण गरिने छ ।
- विभन्न स्थानमा विश्राम स्थल, पार्क र उद्यान निर्माण गर्न उत्प्रेरित गरिने छ ।

**१९. खेलकुद विकास तर्फ**

- जिगढमा एक अन्तरराष्ट्रिय रंगशाला निर्माण गर्न अवश्यक पहल गरिने छ ।
- फुटवल, किक्रकेट , त्याकन्दो जस्ता खेलको वढी सम्भावना भएकोले विभिन्न तहका प्रतिस्पर्धा गराउन युवा क्लव तथा खेलकुद संघ तथा महासंगलाई प्रोत्साहित गरिने छ र जसमा नगरपालिकाले पनि आवयकता अनुसारबजेट उपलब्ध गराउने छ।
- निजगढ कवर्डहलको सञ्चालन गर्ने र आवश्यकताअनुसार थप पुर्वाधारहरु निर्माण गर्दै लगिने छ ।
- खेलकुदको रुपमा प्रयोग हुंदै आएका मैदानहरुको संरक्षण र सम्बर्द्धन गरिने छ ।

**२०. उद्योग र ब्यवसाय सम्बन्धि निति** :

- यसै आ.व. भित्र सम्भावना अध्ययन गरि नगरपालिकाको जग्गाहरुको Zoning गरिने छ । प्राप्त अध्ययनको आधारमा कुनै क्षेत्रलाई औद्योगिक क्षेत्रको रुपमा विकास गरिने छ ।
- वतावरणमैत्री उद्योगहरु, सेवा ब्यवसाय, सुचना प्रविधि, कृषि तथा दुग्ध उद्योगहरु तथा पर्यटन संग सम्बन्धित उद्योगहरु स्थापनामा विशेष जोड दिइने ।
- ब्यसाय र लगानी मैत्री वातावरण सृजना गरिने छ ।
- नगरपालिका र सहकारी साझेदारीमा तुलनात्मक लाभका उद्योगहरुस सञ्चालन गर्ने ब्यवस्था मिलाइने छ ।
- सार्वजनिक निजी तथा सहकारी सझेदारी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२१. युवा सम्बन्धि निति :

- युवा जन शक्तिलाई नगर निर्माणमा परिरचालन गरिने छ ।
- युवा जनशक्ति लाई रोकेर राख्न उत्पादनमुलक र स्वरोजगारका कार्यक्रम सञ्चालन गरिने छ ।
- बैदेशिक रोजगारबाट प्राप्त आम्दानी नगर लगानीमा केन्द्रित गरिने छ ।

अन्तमा,

यस निजगढ नगरको चौथो नगर परिषद् बैठकलाई सम्पन्न गर्न सहयोग गर्ने प्रमुख अतिथि ज्यु, कर्मचारी साथीहरु, वडा नागरिकका मञ्चका प्रतिनिधिहरु, राजनितीक दलहरु तथा अन्य विशिष्ट व्यक्तित्वहरु साथै पत्रकार मित्रहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

**विमल कुमार पोखरेल**
**प्रमुख तथा कार्यकारी अधिकृत**